प्रदेश सरकार
प्रदेश नं ५
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वुटवल, नेपाल

सचिव बैठक नं: ४८

बैठक मिति: २०७६/०६/१५

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री टेकनारायण पाण्डे | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री शंकर प्रसाद खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री मधु कुमार मरासिनी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री राधा वाग्ले | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री नूर मुहम्मद खाँ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री गोपीकृष्ण खनाल | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री सुरेश आचार्य | नि. सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ध्रुव कुँवर | उपसचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

निर्णयहरु

१. मन्त्रालयहरुबाट प्रदेश सरकार (मन्त्रिपरिषद)मा प्रस्ताव पेश गर्दा उक्त विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट लिएको सहमतिको विवरण तथा प्रस्ताव पेश गर्ने मन्त्रालयबाट स्वीकृत भएको निर्णयको प्रतिलिपि संलग्न गरी तोकिएको समयभित्रै पेश गर्ने ।

२. मन्त्रालय/कार्यालयबाट संचालन हुने औपचारिक कार्यक्रमहरुमा विशिष्ट पदाधिकारीहरुको मर्यादाक्रम पालना गर्ने, गराउने । साथै, कार्यक्रम संचालनमा तोकिएको समयको परिपालनामा ध्यान दिने, कार्यक्रमलाई नतिजासँग आवद्ध गरी संचालन गर्ने, अनुत्पादक प्रकृतिका स्वागत र सम्मानका कार्यक्रम नगर्ने ।

३. चालू आ.व.का कार्यक्रम संचालन तथा सेवा प्रवाहका लागि आवश्यक ऐन नियमहरु सवै मन्त्रालयहरुले आवश्यक छलफल तथा समन्वय आवश्यक भए सो समेत गरी समय मै अग्रसरता लिइ निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

४. विभिन्न तहमा भएको कार्यसम्पादन करारका विषयलाई ध्यान दिई करारमा तोकिएका कार्य सम्पादन गर्ने गराउने बारेमा सजगता र अग्रसरता राख्ने ।

५. आसन्न प्रमुख चाडपर्वहरुको अवसरलाई ध्यानमा राखी सुरक्षा व्यवस्था, आवागमनमा सहजता, वस्तु र सेवा प्राप्तिमा सहजता, जनस्वास्थ्यको उचित व्यवस्थापन, सामाजिक तथा साँस्कृतिक सदभाव प्रवर्द्धनमा सवै मन्त्रालयहरुले यथेष्ट ध्यान दिने ।

६. विविध

क. प्रदेशमा कर्मचारी खटाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउने व्यवस्था रहेकोले मन्त्रालय तथा कार्यालयहरुमा सोझै खटाइएका कर्मचारीहरुलाई यस कार्यालयको सहमति वेगर हाजिर नगराउने ।

ख. मन्त्रालयहरुले कर्मचारी काज खटाउँदा तथा कार्यालय हेरफेर गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सहमति लिएर मात्रै गर्ने।

ग. प्रदेशका मन्त्रालय र मातहत कार्यालयहरुले रिक्त पदको विवरण र सहमति दिंदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत मात्र दिने । मन्त्रालय तथा मातहत कार्यालयले सोझै पद रिक्तको विवरण तथा सहमति उपलब्ध नगराउने ।

घ. सवै मन्त्रालयहरुले मन्त्रालय र मातहत कार्यालयमा रहेको सरकारी सम्पत्तिको अभिलेख चुस्त दुरुस्त पार्ने ।

ङ. वैदेशिक छात्रवृत्ति, तालिम, सेमिनार कार्यक्रममा सहभागिताका लागि सरकारले तोकेको प्रतिनिधित्वको अवस्था वाहेक कुनै पनि व्यक्तिका नाममा सोझै पत्राचार भई आएमा सो लाई मान्यता नदिने । सोही आधारमा कर्मचारी मनोनयन वा सिफारिस नगर्ने ।

च. आसन्न चाडपर्वहरुमा कार्यालयको सुरक्षा प्रवन्ध व्यवस्थित वनाउन कार्यालयको पालोपहरा मिलाइ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी दिने । कर्मचारीहरुलाइ लामो विदा नछाडने र कार्यालयलाई आवश्यक पर्दा तत्काल हाजिर हुन सक्ने व्यवस्था मिलाउने ।

छ. आगामी असोज १७ गते हुने समपुरक तथा विशेष अनुदानको वैठकमा सवै मन्त्रालयहरुले आफ्नो मन्त्रालयहरुबाट माग गर्ने आयोजनाको विवरण सहित सहभागी हुने ।

ज. यस प्रदेशमा सरुवा भई आउनु भएका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री राधा वाग्लेलाई स्वागत गर्ने ।

२०७५।६।१५

<u>सादर अवगतार्थ</u>
माननीय मुख्यमन्त्रीज्यू
माननीय मन्त्रिज्यूहरु